"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पूर्वाधार: सुन्दर समृद्ध बर्जुको आधार"

# वर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

आमाहिबेलहा, सुनसरी ।

कोशी प्रदेश, नेपाल

आ.वं.: २०८१।८२
च.नं.:

सूचना ! सूचना ! ! सूचना ! ! !

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१२/०४

प्रस्तुत विषयमा यस गाउँपालिकामा आ.व. २०७८/७९ मा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयद्वारा सञ्चालित गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमबाट गरिब परिवार पहिचान गर्ने सन्दर्भमा तथ्यांक संकलन तथा विश्लेषण गरी प्रारम्भिक रुपमा पहिचान भएका गरिब परिवारहरुको सूची मन्त्रालयबाट प्राप्त भएको छ । गरीब परिवारहरुको प्रारम्भिक सूची प्रकाशन गरी उक्त सुची उपर सम्बन्धित परिवार वा अन्य कसैको गुनासो भएमा सो गुनासोलाई समेत सम्बोधन गर्ने उद्देश्य रहेको हुनाले गाउँपालिकाले प्राप्त भएका गुनासाहरु संकलन गर्न र सो संकलित गुनासाहरु मन्त्रालय पठाउन गुनासो सुनुवाई अधिकारीको व्यवस्था गरीएको जानकारी गराइन्छ । गरिब परिवारहरुको संशोधित सुची तयार गरी गरिब परिवार परिचयपत्र वितरण गर्ने कार्य समेत मन्त्रालयले यही आर्थिक वर्ष सम्पन्न गर्नु पर्ने आदेश भएको छ ।

तत् सम्बन्धित वडाका वडाबासिहरुले तपशिलको अनुसुची बमोजिम गुनासो दर्ता गराउनुहुन अनुरोध छ ।

<u>तपशिल</u>

१. गरिवपरिवारको प्राम्र्भिक सूचीमा विवरण समावेश नभएको वा फरक परेको सम्बन्धमा । (अनुसुची २ बमोजिम)
२. गरिवपरिवारको प्राम्र्भिक सूचीमा कसैको विवरण फरक परेको वा हटाई दिने भनि दिईने सूचना फारम । (अनुसुची ३ बमोजिम)
३. गरिवपरिवारको प्राम्र्भिक सूचीमा रहन ईच्छुक नभएको भए उक्त सूची बाट म वा मेरो परिवारको नाम हटाई दिने सम्बन्धमा । (अनुसुची ४ बमोजिम)

बर्जु गाउँपालिकाको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत बर्जु गाउँपालिका वडा कार्यालयहरुमा सम्पर्क गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आ-आफ्ना गुनासो दर्ता गराउन जानकारी गराइन्छ ।

.........................
(रविनद्र कुमार महत)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

(पुनश्च: प्रारम्भिक रुपमा पहिचान भएका गरिब परिवारहरुको सूची यसै सूचना साथ संलग्न गरिएको छ ।)



Email: barjugaupalika@gmail.com Website: www.barjumu.gov.np